# कॉंक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



कॉंक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा



❐ वर्ष : २६ ❐ अंक : ९ ❐ शनिवार, १० असोज, २०८३ ❐ Saturday, 26 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


# प्रधानमन्त्री बालेन्द्रको सम्बोधनबारे कर्णालीका विश्लेषक र जेन्जी अभियान्ता के भन्छन् ?

❐ चाँदनी कठायत

सुर्खेत, ९ असोज

प्रधानमन्त्री बालेन्द्र शाह संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी हुन अमेरिका जाने तयारीमा थिए । सोही समयमा गत भदौ १० गते नेपालले भोटेकोशी-त्रिशूली क्षेत्रमा ठूलो प्राकृतिक विपद् सामना गऱ्यो, उक्त विनाशकारी बाढीले हिमाली क्षेत्रदेखि नदीको तल्लो तटीय बस्ती हुँदै पूर्वाधारसम्म ठूलो क्षति पुऱ्यायो । पछिल्लो विवरणअनुसार हालसम्म १ हजार ४ सय ५१ जनाको शव फेला परेको छ भने ५ हजार ७ सयभन्दा बढी अझै बेपत्ता छन् । प्रारम्भिक सरकारी मूल्यांकनले बाढीबाट ४ खर्ब ८ अर्ब रुपैयाँ बराबरको क्षति तथा आर्थिक नोक्सानी भएको देखाएको छ ।

बाढीले नेपालको मात्र होइन, हिमालय क्षेत्रको बढ्दो जलवायु जोखिमलाई फेरि विश्व बहसको केन्द्रमा ल्याएको थियो । त्यसैले अमेरिका पुग्नुभन्दा अगाडी महासभामा प्रधानमन्त्रीले जलवायु न्यायक विषयलाई विश्वसामु कसरी उठाउँछन् होला भन्नेमा चौतर्फी चासो र चिन्ता थियो । महासभामा नेपालले भोगिरहेको जलवायु संकट र बाढीको पीडा कसरी प्रस्तुत गर्लान् भन्नेमा सबैको ध्यान थियो । खासगरी हिमताल तथा हिमनदी पग्लिँदा बढ्दै गएको जोखिम, त्यसबाट हुने मानवीय र आर्थिक क्षति तथा त्यसको जिम्मेवारी विश्व समुदायले कसरी लिनुपर्छ भन्ने विषयमा उनको सम्बोधनलाई चासोका साथ हेरिएको थियो ।



शाहले शुक्रबार बिहान महासभालाई सम्बोधन गर्दै भोटेकोशी-त्रिशूलीको विपद्लाई 'नेपालको स्थानीय त्रासदी मात्र नभई विश्वका लागि चेतावनी'का रुपमा प्रस्तुत गरे । जलवायु परिवर्तनले हिमालयको पारिस्थितिक प्रणाली अस्थिर बनाइरहेको भन्दै उनले नेपालले जलवायु संकट सिर्जना नगरे पनि त्यसको ठूलो मूल्य चुकाइरहेको बताए । उनले जलवायु न्यायलाई व्यवहारमा उतार्नुपर्ने, राहत र पुनर्निर्माणसँगै जिम्मेवारीको प्रश्न उठाउनुपर्ने तथा जोखिम न्यूनीकरणमा लगानी बढाउनुपर्ने धारणा राखे ।

उनले नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिजम' बनाउन प्रस्ताव गर्दै हिमतालको निगरानी, पूर्वसूचना प्रणाली र विपद्का बेला सीमापार सहयोगको संयन्त्र विकास गर्नुपर्ने बताए । साथै राहत, पुनःस्थापना र पुनर्निर्माणसँगै जलवायु अनुकूलन, उत्थानशील पूर्वाधार र पूर्वतयारीमा जोड दिए

बालेनको सम्बोधनलाई कर्णालीका विश्लेषक, जलवायु अभियन्ता र जेन्जी अभियन्ताले पनि मूलतः जलवायु संकटको विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाएको सन्दर्भमा अर्थपूर्ण मानेका छन् । उनीहरुले प्रभावकारिताभन्दा त्यसले उठाएका विषय व्यवहारमा कसरी पुग्छन् भन्ने कोणबाट हेरेका छन् । उनीहरुका प्रतिक्रियामा जलवायु संकट नेपालले मात्रै समाधान गर्न नसक्ने, प्रभावित मुलुकहरुबीच सहकार्य आवश्यक रहेको र विश्वमञ्चमा उठाइएका विषयलाई स्थानीय तहसम्म पुऱ्याउनुपर्ने साझा चासो देखिन्छ ।

विश्लेषक पिताम्बर ढकालले प्रधानमन्त्रीको सम्बोधनलाई समसामयिक र सकारात्मक भएको बताए । उनका अनुसार जलवायु परिवर्तनका कारण सिर्जना भएको क्षतिको निराकरण नेपालले मात्रै गर्न नसक्ने भएकाले विश्व समुदायको सहयोग आवश्यक छ । 'पीडित र सम्भावित पीडित देशहरुको एउटा साझा मञ्च बनाउनुपर्छ । त्यसका लागि बीचमा समन्वय समिति बनाएर सहयोग कसरी सञ्चालन गर्ने भन्ने विषयमा पनि आवाज अझ जोडदार रुपमा उठाउनुपर्थ्यो,' उनले भने । जलवायु संकटको असर भोगिरहेका मुलुकहरूबीच साझा अभियान र समन्वय बलियो बनाउन सके अन्तर्राष्ट्रिय तहमा प्रभावित देशहरूको आवाज अझ प्रभावकारी हुने उनको भनाइ छ ।

मध्यपश्चिम विश्वविद्यालयका राजनीतिशास्त्रका सहप्राध्यापक तथा स्कुल अफ लका पूर्वनिर्देशक उपेन्द्र विकले प्रधानमन्त्रीले वातावरण, जलवायु परिवर्तन, युवा नेतृत्व र स्रोतसाधनको समन्यायी वितरणजस्ता विषय विश्वमञ्चमा उठाउनु सकारात्मक भएको बताए । उनका अनुसार नेपालको प्रतिनिधित्व गर्दै यी विषय उठाइनु महत्वपूर्ण भए पनि समस्याको व्याख्यासँगै व्यावहारिक समाधान, कार्यान्वयनको समयसीमा र स्रोत व्यवस्थापनबारे अझ स्पष्ट खाका आउन सक्थ्यो । 'समस्या र चुनौतीको चर्चा भयो,' उनले भने, 'तर समाधानका व्यावहारिक उपाय, त्यसका लागि आवश्यक स्रोत र कार्यान्वयनको समयसीमा अझ स्पष्ट रूपमा आउन सक्थ्यो ।' उनले सीमान्तकृत तथा कमजोर समुदायका आवाज, क्षेत्रीय सहकार्य, स्थानीय सरकारबीचको साझेदारी र डिजिटल रुपान्तरणका विषयलाई पनि अझ प्राथमिकताका साथ उठाउन सकिने बताए ।

युवा जलवायु तथा वातावरण अभियन्ता किशोर न्यौपानेले हिमालयको जोखिम र जलवायु परिवर्तनको असर विश्वमञ्चमा उठाइनु महत्वपूर्ण भएको बताए । विशेषगरी नेपाल, भारत र चीनबीच सहकार्यको प्रस्तावलाई उनले विपद्का बेला तत्काल सूचना, स्रोत र सहयोग परिचालन गर्न सकिने भएकाले व्यावहारिक मानेका छन् । 'अब प्रश्न अन्तर्राष्ट्रिय प्रतिबद्धता र घोषणाभन्दा त्यसको लाभ स्थानीय समुदायसम्म कहिले र कसरी पुग्छ भन्ने हो,' उनले भने । जलवायु उत्थानशीलताको केन्द्रमा जोखिममा रहेका गाउँ, विद्यालय, स्वास्थ्य संस्था, स्थानीय सरकार, सडक तथा पुललाई राख्नुपर्ने उनको भनाइ छ । युवालाई कार्यक्रममा सहभागी गराउने मात्र होइन, नीति निर्माण, योजना र निर्णय प्रक्रियामै अर्थपूर्ण भूमिका दिनुपर्ने न्यौपानेले

बाँकी पृष्ठ ४

## मौसमी जोखिमबाट सतर्क रहन कर्णाली सरकारको अनुरोध

❐ कॉंक्रेविहार संवाददाता

सुर्खेत, ९ असोज

कर्णाली प्रदेश सरकारले भारी वर्षाको सम्भावित मौसमी जोखिम र क्षतिबाट सतर्क रहन सर्वसाधारणलाई अनुरोध गरेको छ । कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बिहीबारको बैठकले बाढी, पहिरो, डुबान तथा सडक दुर्घटनाको जोखिमबाट सर्वसाधारणलाई बचाउन कर्णाली प्रदेशवासीलाई आग्रह गरेको हो ।

मुख्यमन्त्री मङ्गलबहादुर शाहीले भारी वर्षाका कारण हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रदेशका दश वटै जिल्लामा रात्रिकालीन यातायात सञ्चालनमा रोक लगाउने र विपद् जोखिमको प्रतिकार्यका लागि सुरक्षा निकायलाई पूर्वतयारी अवस्थामा रहन आवश्यक निर्देशन दिइएको बताए ।

उनका अनुसार कर्णाली तथा भेरी कोरिडोर, मध्यपहाडी लोकमार्ग र मदनभण्डारी राजमार्गलगायत प्रदेशका प्रमुख सडक तथा स्थानीय सडकमा आवश्यक निगरानी बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ । खोलामा पानीको बहाव बढ्न सक्ने स्थान, पहिरोको जोखिममा रहेका सडक र विगतमा बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रको पहिचान गरी उच्च निगरानीमा राख्न भनिएको छ ।

भारी वर्षाका कारण सडक अवरुद्ध भए तत्काल सडक खुलाउने, यात्रुको उद्धार गर्ने, आवश्यक सामग्री तथा जनशक्ति परिचालन गरी सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन प्रदेश सरकारले सम्बन्धित सरोकारवाला निकायलाई निर्देशन दिएको छ ।


## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

*सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।*

नेपाल सरकार

विज्ञापन बोर्ड


## पश्चिम नेपालका २५ जिल्लामा गाडी चलाउन रोक

❐ कॉंक्रेविहार संवाददाता

काठमाडौं, ९ असोज

बंगालको खाडीमा उत्पन्न भएको न्यूनचापीय चक्रको प्रभावले वर्षा हुन थालेपछि पश्चिम नेपालका २५ जिल्लामा दुई दिन गाडी चलाउन रोक लगाइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शुक्रबार साँझ सूचना जारी गरी अत्यधिक वर्षा हुने २५ जिल्लामा यातायात सञ्चालनमा रोक लगाएको हो । प्राधिकरणले शुक्रबार र शनिबार २५ जिल्लामा अत्यधिक वर्षा हुने जनाएको छ । रातो रंग लगाइएका यी जिल्लामा कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशका छन् । ती जिल्लामा दुई दिन यातायात



सञ्चालन नगर्न भनिएको छ ।

जसमा सुदूरपश्चिमका दार्चुला, बझाङ, बाजुरा, कैलाली र कञ्चनपुर छन् तथा कर्णालीका डोल्पा, जुम्ला, कालीकोट, मुगु, हुम्ला र सुर्खेत छन् । त्यस्तै लुम्बिनीका प्युठान, दाङ, रुपन्देही, पाल्पा, अर्घाखाची, गुल्मी, कपिलवस्तु, बाँके र बर्दिया तथा गण्डकी प्रदेशका मनाङ, मुस्ताङ, गोरखा, लमजुङ र स्याङ्जा छन् । यस्तै, ३० जिल्लामा धेरै पानी पर्ने सम्भावना रहेको जनाएको छ । जसमा कोसी र मधेशबाहेक पाँचै प्रदेशका जिल्ला रहेका छन् । सुन्तला रंग लगाइएका यी जिल्लामा रातको समयमा यातायात बन्द गर्न भनिएको छ । दिउँसोको समयमा गाडी चलाउने वा नचलाउने भने अवस्था हेरेर जिल्ला मनसुन प्रतिकार्य कमान्ड पोस्टलाई निर्णय गर्न भनिएको छ । यस्तै, बाँकी २२ जिल्ला केही मात्रामा वर्षा हुने जनाइएको छ । जसमा कोसी र मधेश प्रदेशसँगै बागमती प्रदेशका मकवानपुर र सिन्धुली जिल्ला रहेका छन् । यी जिल्लामा सतर्क रहन निर्देशन दिइएको छ ।

## ५१ लाखभन्दा बढीको अवैध चिनियाँ मदिरा नष्ट

❐ कॉंक्रेविहार संवाददाता

हुम्ला, ९ असोज

नेपाल-चीन सीमा लाप्चा नाकाबाट भित्र्याउँदै गर्दा बरामद गरिएको ५१ लाख ९३ हजार ६ सय रुपियाँ मूल्य बराबरको अवैध चिनियाँ मदिरा सरोकारवाला पक्षको रोहबरमा नष्ट गरिएको छ ।

गत साउन २८ गते नाम्खा गाउँपालिका-२ छुङ्साबाट प्रमुख जिल्ला अधिकारी भेलानाग गुरागाईंको नेतृत्वमा गएको टोलीले बेवारिसे अवस्थामा लुकाएर राखिएको मदिरा बरामद गरेको थियो । प्रक्रिया पूरा गरी उक्त मदिरा नष्ट गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख अंगबहादुर कार्कीले जानकारी दिए ।

संयुक्त सुरक्षा टोलीले बरामद गरेको मदिरामा ५९४ कार्टुन चिनियाँ मदिरा र १९४ कार्टुन बोर्डवाइजर रहेको थियो । उक्त मदिरा जिल्ला प्रहरी कार्यालयमा कोष तथा लेखा नियन्त्रक कार्यालय, सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रवीर शाही, प्रहरी नायब उपरीक्षक शंकर खड्का, उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामबहादुर भण्डारी र नेपाल पत्रकार महासङ्घका सचिव नन्दसिंहको रोहबरमा नष्ट गरिएको कार्कीले बताए ।

यसैगरी, गत साउन ३१ गते संयुक्त सुरक्षा टोलीले छुङ्सामा लुकाइछिपाइ राखिएको ३९ लाख ६६ हजार रुपियाँ मूल्य बराबरको अवैध चिनियाँ मदिरासमेत नियन्त्रणमा लिएर स्थलगत रूपमै नष्ट गरेको थियो ।

लघु कथा

# ए लभ स्टोरी



✍ धन्या विजयकुमार

उसलाई पहिलो पटक भेट्दा मेरो दोस्रो प्रश्नको जवाफ थियो– यो।

त्यो नाम निदाइरहेको मान्छेको अनुहारमा पानीका थोपाहरू छम्किएझैँ मेरो जिज्ञासालाई एकाएक ब्युँझाउने खालको थियो।

सानैदेखि सयौँ पटक हेरेको हिट फिल्मको ठाउँको नाम... त्यो फिल्मले मनमा भरिदिएको उत्साहको छालले उकास्दा परिवारसँग धेरै वर्षअघि हिमालतिर पुग्दा मुटुभरि गुञ्जिरहेको नाम... बचपनको कुनै

कुनामा लुकाइराखेको कौतूहलको चस्मा फेरि लगाउँदै मैले उसलाई एकटक हेरेँ। दुब्लो शरीर, सेतो रङ, भर्खरै पालेजस्तो देखिने जुँगा... अनुहारमा घबराहटको झल्को... अफिसमा पहिलो दिन थियो प्रदीपको।मेरा प्रश्नका जवाफ दिँदा उसका आँखाहरू भने भुइँमै अडिएका जस्ता थिए।

"यो त निकै जवान रहेछ!" उसलाई चिन्न खोज्दै गर्दा मैले मनमनै भनेँ। हाम्रो काममा सघाउन आएको प्रदीपलाई हाम्रो भाषा मलयालम आउँदैनथ्यो। त्यसैले मैले ऊसँग हिन्दीमा बोल्नुपर्थ्यो, अनि ऊ मसँग नेपाली मिसिएको हिन्दीमा।

कुराकानी गर्दागर्दै बेलाबेलामा म उसलाई सोध्थेँ– "...को आपकी नेपाली में क्या कहते हैं?" कामको एकरसताबाट केहीबेर बाहिर निस्कने बहानामा सुरु भएको यो खेल बिस्तारै-बिस्तारै साँझको एउटा प्रिय शौकमा परिणत हुन थाल्यो। बेलुकीपख युट्युबमा 'झिबचल ल्भउबषि' का भिडियोहरू हेर्थें र नयाँ-नयाँ शब्द तथा प्रयोगहरू कापीमा टिप्थेँ।

भोलिपल्ट प्रदीपमाथि आफूले सिकेका नयाँ शब्द र प्रयोगहरू आजमाउन पाइन्छ भन्ने सोचले मेरो भाषोन्मुखी मनको भोक झन् बढाइरह्यो। मैले बोलेका वाक्य सुन्दा उसका प्रतिक्रियाहरू नियाल्थेँ। उसले दिएको प्रतिक्रिया हेरेर मैले सही बोलेँ कि गलत, आफैँमा सोच्थेँ। भाषा र मेरो नाता नै अनौठो रहेछ। पत्याउन गाह्रो होला, तर भाषालाई मानिसलाई जस्तै माया गर्नु मेरा लागि एकदमै स्वाभाविक रहेछ। अरू मानिस आफ्ना मनका कुरा पोख्न शब्दहरूको सहारा लिन्छन्; मेरो मन भने थरीथरीका शब्दका सौन्दर्यमा डुब्दै-डुब्दै आफैँ पग्लिएर पोखिन्छ। मेरा प्रश्नका जवाफमा प्रदीपको मुखबाट निस्किएका प्रत्येक शब्द र प्रयोग कडा अनुशासनको कर्ममय दिनचर्याले उसर बनाएको मेरो मनमा अमृतका थोपाझैँ झर्थे। यसरी सिकेका एक मुट्ठी वाक्यहरू मेरो नेपाली सिक्ने रहरको चुलोमा दाउरा थपिरहे। एक दिन मैले भनेँ "तिमी मसँग नेपालीमा मात्रै कुरा गर्नु है? मलाई हिन्दी आउँदैन।" "अच्छा?" छेपारोले किरालाई कुरिरहेझैँ शब्दहरूको प्रतीक्षामा आफूलाई नियाल्दै गर्दा म एक दिन मख्ख परेर मुस्काएँ "ला! म नेपाली भाषाको पनि मायामा परेछु! अब यहाँबाट कहाँ जाने...?" नेपाली भाषाको मधुर मादक सौन्दर्यले मलाई मन्त्रमुग्ध बनाएको त थियो, तर त्यो पहिलो-पहिलो आकर्षणका फिलिङलाई सधैँ बलिरहने प्रेमको एउटा अखण्ड ज्योतिमा फेरिनका लागि कहिल्यै नसिद्धिने इन्धनको स्रोत अझै चाहिँदै थियो। यी दुई-तीन महिनाहरूमा म प्रदीपबाट अनि आफैँ नेपाली सिकिरहेँ। दिउँसोको खाना खाँदा कुराकानी गर्दागर्दै एक दिन मैले एउटा साथीलाई भनेँ "प्रदीपबाट भने धेरै सिक्न सक्दिनँ। कहिलेसम्म युट्युबमा भेटिने भिडियोहरू र गीतहरूको सहारा लिने? अब म केही नेपाली शिक्षकबाट निकै व्यवस्थित रूपमा भाषा सिक्न चाहन्छु।" "कस्तो राम्रो कुरा! मेरो परिचयमा एउटा प्रोफेसर हुनुहुन्छ, काठमाडौँमा। उहाँलाई पक्कै थाहा होला। म आजै मेसेज गर्छु है?" खुसी भएर उनले भनिन्। साँझ घरको काम सकिएपछि सुत्नुअघि मोबाइल हेर्दै गर्दा साथीको मेसेज आएछ भन्ने थाहा पाएँ दीप्ती कार्की। "कस्तो उचित नाम! स्वयं शिक्षणको धमिलो उकाली-ओरालीमा भौतारिरहेकी मेरो हात समात्ने, मलाई बाटो देखाउने सहचारी यही होलिन्!" फुर्सद पाउनेबित्तिकै मैले दीप्तिलाई ह्वाट्सएपमा कल गर्ने निर्णय गरेँ। फोन गर्दाखेरि मनभरि एउटै प्रार्थना थियो "मलाई त नेपाली सिक्नै छ! त्यही भएर भगवान्! राम्ररी सिकाउने मान्छे होस्! अनि कोर्स धेरै महँगो नहोस्!" म भारतबाट हुँ भन्ने थाहा पाउँदै उनले हिन्दी बोल्न थालिन् "क्योंकि आप इंडिया से हैं, मैं आपसे ज़्यादा फीस नहीं लूँगी।" उनको आवाजले अपनत्वको पछ्यौरी मतर्फ बढाई मेरो मनमा पसेका शङ्काका प्रत्येक कणलाई स्वाट्ट टाढै पारिदियो। मेरो अनलाइन क्लासेसको सिलसिला यसरी सुरु भयो... मेरो दिमागको प्रयोगशालामा तितरबितर परेका व्याकरणका कङ्कालहरूमा प्राण फुक्ने काम दीप्तीले पूरै जोसले गरिन्। कस्तो अनौठो आदान-प्रदानका दिनहरू थिए ती! हाम्रा कुराकानी शिक्षणका नियमित समयमा मात्र सीमित नभई पूरै दिनमा फैलिइरह्यो नेपाली भाषा र संस्कृतिका बारेमा उनले पठाइदिएका भिडियोहरू म फुर्सतमा हेर्थें अनि थुप्रै प्रश्नहरू गर्थें। कहिल्यै शान्त नहुने मेरो जिज्ञासाका गुहारहरूले निकै व्यस्त उनका दिनहरूलाई कति हल्लाएका होलान्...? तर उनले एक पटक पनि "नाइँ" भनिनन्। कहिलेकाहीँ म अफिसमा प्रदीपलाई

सोध्थेँ– "मेरो सबैभन्दा पहिलो नेपाली मास्टर, मेरो नेपाली अहिले कस्तो छ?" "प्रगति धेरै छ। प्रगति धेरै छ!" प्रदीपले फिडब्याक दिन्थ्यो। केही महिनापछि अफिसमा सफा गर्नका लागि आएको कुनै पुरुष कर्मचारीतिर मैले त्यसै प्रश्न फ्याँकेँ "आप कहाँ से हैं?" "सिलिगुडी, वेस्ट बङ्गाल।" उसले जवाफ दियो। "नेपाली आउँछ तपाईंलाई?" झट्ट मैले भाषा बदलेँ। "आउँछ। तपाईं नेपाली हुनुहुन्छ?"आश्चर्य उसको अनुहारमा प्रस्टै देखियो। "म त मलयाली हुँ, तर सिकेको।" मुस्कुराएर मैले पनि भनेँ। त्यति बेला त्यहाँ पुगेकी एउटी महिला कर्मचारीले उससँग मलयालममा कुरा गर्न थालिन्। "ओहो! मलयालम सिक्नुभयो?" यसपालि चकित हुने पालो मेरो थियो। "हो नि! तपाईंले नेपाली सिक्नुभयो, अनि म मलयालम। बाह्र वर्षअघि यहाँ आएँ, तर पहिलोपल्ट नेपाली बोल्ने मलयालीलाई भेटेको। भाषा सिक्न पनि कस्तो राम्रो कुरा हो नि? जुनसुकै ठाउँमा पनि काम पाउन सकिन्छ।" सहमतिको झरीमा हामी सँगसँगै भिज्दा मैले सबै सीमालाई एकाएक मेटिँदै गएको देखेँ।

---

# भरोसाको के भर?

लघुकथा

✍ डा. नवराज न्यौपाने



**सम्हालिएर सोचे, 'भाइ भए भरोस' भन्नु पनि व्यर्थै रहेछ। देवशमशेरको 'गलहत्ती' पछि भनिएको 'शत्रुको मुख हेर्ने भए भाइको हेर्नु' सार्थक हो कि झैँ लाग्यो उनलाई।**

मेसिनझैँ दौडिरहेका भाइका हातहरूले दाइलाई के-के इशारा गरिरहेका थिए। आक्रोश रोक्न जति नै कोसिस गरे पनि भाइको मुखबाट फुस्किहाल्यो, "हतारको बेलामा यहाँ आउने हो? यहाँ के खान आउनुभएको?"

दाइ अलमलमा परे। आफ्नै भाइको बोलावटमा नेपालदेखि हौसिएर विदेश आएका दाइले भाइबाट यस्तो अपेक्षा कदापि गरेका थिएनन्।

रुपियाँ रोपेर डलर फलाउने सपना देखाएको आफ्नै भाइको व्यवहारले अवाक् भए। मथिङ्गलमा नेपालदेखि विदेशसम्मको यात्राका फेहरिस्त खुल्न थाले।

काठमाडौँको होटल व्यवसायमा घाटा बेहोर्नु परेपछि कुखुरा फार्म सञ्चालन गरे, तरकारी तथा फलफूल व्यवसाय सञ्चालन गरे; तर एकपछि अर्को असफलतासिवाय हात लागेन।

भनिन्छ नि ओरालो लागेको मृगलाई बाछाले पनि खेद्छ। असफलताको चौबाटोमा उभिएका उनलाई भाइको उतिबेलाको प्रस्ताव बाढीको पुलजस्तो लाग्यो। सञ्चालित दुईमध्ये एउटा रेस्टुरेन्ट न्यूनतम मूल्यमा किस्ताबन्दीमा तिर्ने गरी सञ्चालन गर्ने र कमाउँदै जाँदा भाइलाई तिर्ने प्रस्तावले उनलाई 'भाइ भए भरोस' को याद आयो। भनिन्छ नि लड्न लागेको बेला पातले पनि सहारा दिन सक्छ।

विदेश पुग्दा भाइको कर्कश वाणी, बुहारीको बेवास्तापूर्ण व्यवहार र भतिजाहरूको परचक्री व्यवहारले मन घायल भयो।

पश्चात्तापसिवाय के नै रह्यो र उनको साथमा!

अचानक एकाबिहानै न चिया, न कफी, न ब्रेकफास्ट, घरबाट निस्केर अलि परको पार्कमा पुगेर उनले असफलता र पश्चात्तापका पोकाहरू एकैचोटि आँखाबाट बगाए। उनको यो हालतप्रति बिरानो मुलुक बेखबर नै रह्यो।

सम्हालिएर सोचे, 'भाइ भए भरोस' भन्नु पनि व्यर्थै रहेछ। देवशमशेरको 'गलहत्ती' पछि भनिएको 'शत्रुको मुख हेर्ने भए भाइको हेर्नु' सार्थक हो कि झैँ लाग्यो उनलाई।

बाहिर फुसफुस हिउँ परिरहेको थियो। मुटु कमाउने जाडोमा उनी एक जोर पातलो टिसर्ट र प्यान्टमा अनायासै निस्केका थिए। पाइलाहरू भाइको बासतिर जान पटक्कै मानेनन्। रित्तो खल्ती भए पनि 'एउटा बाटो लाग्ला नि' भन्दै उनका पदचापहरू अनिश्चित गन्तव्यतिर लम्किन थाले। उनको यो निरीहता सपाट बुझेझैँ वरिपरिका बाँदर, हाँस, कुकुर र ढुकुरहरूले टोलाएर हेरिरहेका थिए।

---

कविता

# पूर्वजन्मकी प्रेमिका



✍ चेतन जगत्

हामी घण्टौँ अँगालोमा हुन्थ्यौँ
चुपचाप सासमै बात मारी
निद्राभन्दा हल्का हुन्थ्यो
एकअर्कालाई देखेपछि।
सङ्गीतभन्दा मीठो सुनिन्थ्यो
एकअर्कालाई बोलाउँदा खेरी।

घरको ढोकामा
चुकुल लगाउनु पर्दैनथ्यो
हाम्रो प्रभावले आँगन टेक्दा
आफैँ सुध्रिन्थे चोरहरू।

कोही भोकै फर्किएनन्
कसैले मुख बिगारेनन्
तिमीले पकाएर खुवाएपछि।
बारीमा कहिल्यै झार उम्रिएन
तिमीले बिरुवा रोपेपछि

तिम्रो आवाज सुन्न
चराहरू घरको धुरीमा आउँथे।
जाडोमा न्यानो खोज्नु परेन
गर्मीमा शीतल खोज्नु परेन
तिमीले सबै भुलाएकी थियौ
आफ्नो पौरखको चिन्गारी बाली।

र पो हामी एकै थियौँ
उस्तै थियौँ
त्यो पुरानो जीवनभरि!
तिमी मुस्कुराउँथ्यौ
चन्द्रमाजसरी
र त शीतलता थियो
जीवनभरि!

सुरता गर्नेहरूले सूर्य देखाए
र पनि
तिमी उग्र बनिनौ सूर्यजसरी
राम्रै चल्दै थियो
दिन अनि रातहरू।

खै कसले भनेछ
तिमीलाई भाग्यको कहानी

र, तिमी कुद्यौ
ताराको पछाडि
अनि पो हामी छुटियौँ
दौडिएको ताराजसरी!

---

कविता

# मेरो मस्तिष्क मसानघाट




मेरो मस्तिष्क मसानघाट
अनेकौँ कुरा बाँचेर
आज केही कुरा
सहिद भएको छ
जसले देख्नै पाएन
यो भौतिक संसार
जो जन्मियो मात्र
अनि मर्यो
मैले उसलाई सहिद घोषणा गरि
दिएँ
मेरो मस्तिष्क आजभोलि
कति धेरै कङ्गालहरूको
घर भएको छ
मेरो मगज आजभोलि
अनेकौँ कल्पनाहरूको
महासागर भएको छ
मेरो
आजभोलि
द्वारपाल छैन
मेरो मस्तिष्क आजभोलि
आजाद भएको छ
जुन साम्राज्यमा
कुनै राजा छैन
न कुनै प्रजा छ
न कुनै नियम छ
न कुनै कानुन छ
मेरो मस्तिष्क आजभोलि
मङ्गल भएको छ
अनि
अनेकौँ सपनाहरू
हजारौँ कल्पनाहरू
आज सहिद भएका छन्
त्यसैले मेरो मस्तिष्क
मसानघाट भएको छ.....

# रूग्ण आयोजनालाई लयमा ल्याउँदै भौतिक मन्त्रालय

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ९ असोज

कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मिलन खड्का रोकाले रुग्ण आयोजनालाई लयमा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाइने बताएकी छन् ।



मन्त्रालयद्वारा बिहीबार वीरेन्द्रनगरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा विसं २०७७-२०८० सम्मका १९ रुग्ण आयोजना रहेको बताउँदै मन्त्री खड्काले कार्यान्वयन आउन नसक्ने ती आयोजनाको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट अगाडि बढ्ने बताइन् ।

उनले भनिन्, "कर्णाली प्रदेश सरकारको पहिलो कार्यकालका १८ रुग्ण आयोजना छन् । दोस्रो कार्यकालमा मुगुको दोमुख तारापनी गमगढी नाक्चेलाग्ना जोड्ने एउटा आयोजनालाई बहुवर्षीय बनाइएको थियो त्यो अलपत्र अवस्थामा छ ।"

त्यसैगरी, आयोजनाको प्रभावकारी कार्यान्वयन गरी दायरालाई बढाउने बताउँदै उनले बर्सेनि बढ्दै गएको बेरुजु घटाउन भरपुर प्रयास गरिने जनाइन् । उनका अनुसार जाजरकोट भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको अधिकार सङ्घीय सरकारसँग भएकाले उक्त कार्यले पूर्णता पाउन नसकेकाले प्रदेश सरकारले आवश्यक पहल गर्ने बताइन्।

कार्यक्रममा मन्त्रालयका सचिव अर्जुनकुमार बमले आयोजना बैंकका हिसाबले सात प्रदेशमध्ये कर्णाली अब्बल रहेको दाबी गरे । आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालयको बजेट रु ११ अर्ब तीन करोड ६५ लाख ५६ हजार थियो । सो आवमा रु पाँच अर्ब ४३ करोड १२ लाख ४७ हजार अर्थात् ४९.२१ प्रतिशत खर्च भएको थियो ।

चालु पूँजीगत खर्च बढाइने उनले बताए । मन्त्रालयका बजेटको आकार धेरै ठुलो तर जनशक्ति थोरै भएकाले खर्च नहुने समस्या आएको उनको भनाइ थियो ।

सचिव बमले रु दुई करोडभन्दा माथिका आयोजनाको मूल्याङ्कन जनशक्ति र स्रोतका हिसाबले गाह्रो हुने भएकाले अफलाइनभन्दा अनलाइन ठेक्का प्रणाली समय सान्दर्भिक हुने बताए ।

राजनीतिक दबाबबाट ठेक्का लगाउँदा समस्या हुने भन्दै उहाँले डिजाइन स्टिमेट र भूगोलको परिवेशलाई मूल्याङ्कन गरेर कार्य सुरु गर्दा विकास निर्माणका काम समयमा सम्पन्न हुने स्पष्ट पारे ।

# अफगानिस्तानमाथि नेपालको शानदार जित

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ असोज

एसियन गेम्स प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेटमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ ।



शुक्रवार सम्पन्न खेलमा नेपालले अफगानिस्तानलाई ५ विकेटले हराएको हो ।

अफगानिस्ताले दिएको १०३ रनको लक्ष्य नेपालले १७.२ ओभरमा ५ विकेट गुमाएर भेट्टायो ।

सन्दीप जोराले ३४ रन बनाउँदा रोहित पौडेल ३३ रनमा नटआउट रहे । यस्तै, दीपेन्द्र सिंह ऐरीले १५ रन जोडे ।

त्यसअघि जापानको निशिनस्थित कोरोगी स्पोर्ट्स पार्कमा टस जितेर ब्याटिङमा उत्रिएको अफगानिस्तानले २० ओभरमा ७ विकेट गुमाएर १०२ रन जोड्यो ।

उसका लागि फैसल खान अहमदजाइ र नाजिबुल्लाह जाद्रनले ३०-३० रन जोड्दा नान्गेलिया खान १७ रनमा अविजित रहे । यीबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले चार तथा ललित राजवंशीले तीन विकेट लिए ।

समूह 'ए' मा रहेको नेपालको यो पहिलो खेल हो । दोस्रो खेल खेलेको अफगानिस्तानले पहिलो खेलमा जापानलाई ४८ रनले पराजित गरेको थियो ।

पुरुष क्रिकेटमा १० टोली सहभागी छन् । भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकालाई सीधै क्वाटरफाइनलमा राखिएको छ । समूह 'बी' मा मलेसिया, हङकङ र ओमान रहेका छन् ।

# नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता बढाउन ऐक्यबद्धता



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ९ असोज

नीति निर्माण तहमा महिलाहरुको अर्थपूर्ण सहभागिता बढाउन कर्णालीका महिला नेतृ र पत्रकारहरुले सामुहिक ऐक्यबद्धता जनाएका छन् । सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत र अक्सफाम नेपालको साझेदारीमा सञ्चालित महिला अधिकार कोष/महिला सशक्तीकरणमार्फत नीति निर्माणमा पहुँच अभिवृद्धि परियोजनाले शुक्रबार वीरेन्द्रनगरमा आयोजना गरेको छलफल कार्यक्रममा सो ऐक्यबद्धता गरिएको हो । नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिताका लागि सञ्चारकर्मीको भूमिका विषयक छलफल कार्यक्रममा सहभागीहरूले महिलाको सहभागिता संख्यात्मक प्रतिनिधित्वमा मात्र सीमित नराखी नीति, योजना, बजेट तथा निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित गर्नुपर्नेमा जोड दिएका हुन् । छलफलमा सञ्चारकर्मीहरूले महिला नेतृत्वका सवाललाई नियमित सार्वजनिक बहसको विषय बनाउने, महिला नेतृहरूको काम, अनुभव र योगदानलाई प्राथमिकताका साथ सार्वजनिक गर्ने तथा महिलालाई राजनीति, अर्थतन्त्र, विकास र सुशासनलगायत विषयमा विज्ञ तथा वक्ताका रूपमा सञ्चारमाध्यममा स्थान दिने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यस्तै, दलित, जनजाति, अपाङ्गता भएका, ग्रामीण, विपन्न तथा सीमान्तकृत महिलाका आवाजलाई सार्वजनिक बहसमा प्राथमिकता दिने, लैङ्गिक विभेदपूर्ण भाषा प्रयोग नगर्ने तथा महिला नेतृ र पत्रकारमाथि हुने साइबर बुलिङ, ट्रोलिङ तथा चरित्रहत्याविरुद्ध आवाज उठाउने विषयमा पनि सहभागीहरूबीच सहमति भएको छ । महिला नेतृहरूले आफ्ना नीतिगत एजेण्डा, काम, बजेट, उपलब्धि तथा चुनौतीबारे तथ्यमा आधारित सूचना सार्वजनिक गर्ने र पत्रकार तथा नागरिकले उठाएका प्रश्नप्रति जवाफदेही बन्ने प्रतिबद्धता जनाएका छन् । नीति निर्माण तहमा महिलाको सहभागिता बढाउन मिडिया, महिला नेतृ, नागरिक समाज तथा सरोकारवालाबीच निरन्तर संवाद, सहकार्य, पैरवी र निगरानी आवश्यक रहेको निष्कर्ष निकालिएको छ । वामका अध्यक्ष देवी पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पाटीका महिला नेतृहरु, नेपाल महिला संघ, अखिल नेपाल महिला संघ, अखिल नेपाल महिला संगठन, अन्तरपाटी महिला संजाल सुर्खेतमा आबद्ध महिला नेतृहरुहरुको सहभागिता थियो ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पाटीका कर्णाली प्रदेश सहमहामन्त्री लक्ष्मी भट्टराईले महिला सहभागितालाई संख्यात्मक र संवैधानिक कोटा पुरा गर्ने माध्ययममा सिमित नराखी अर्थपूर्ण बनाउन सञ्चार क्षेत्रले सशक्त र दवावमुलक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् । महिला सहभागिता ३३ प्रतिशतमात्रै नभई ५० प्रतिशत पुर्याउने गरि बहस र पैरवी जरुरी रहेको उनको भनाई छ ।सो पाटीका नेतृ स्नेहा उपाध्यायले महिलाहरुमा नेतृत्व र आर्थिक सशक्तिकरणमा गरिएको लगानीको प्रतिफल के भयो भनेर खोजी गर्नुपर्ने बताइन् पत्रकार ज्योती कटुवालले महिलाहरुले सञ्चार क्षेत्रसँग समन्वय र सहकार्यमा बढी ध्यान दिनुपर्नेमा जोड दिइन् उनले सञ्चार क्षेत्रसँग पहुँच स्थापित गर्न महिलाहरु आफै अग्रसर हुनुपर्ने बताइन्। अखिल नेपाल महिला संगठन कर्णालीका संयोजक धना शाहीले महिलाहरुलाई प्रत्यक्षमा पनि उम्मेदवार बनाउनका लागि राजनीतिक दलका नेताहरुलाई जिम्मेवार र सचेत बनाउनुपर्नेमा जोड दिइन् ।

## प्रधानमन्त्री शाहले यूएन महासभामा भने-

# 'नेपालबाट आएको यो चेतावनी मानवताका लागि हो'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ असोज

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले संयुक्त राष्ट्रसंघको ८१औँ महासभालाई सम्बोधन गर्दै नेपालमा हालै आएको विपद्लाई विश्वका लागि गम्भीर चेतावनीका रूपमा लिन आग्रह गरेका छन् ।

महासभामा सम्बोधन गर्दै प्रधानमन्त्री शाहले भने, 'म हिमालयमा अवस्थित नेपालजस्तो टाढाको देशबाट तपाईंहरूसामु एउटा गम्भीर चेतावनी बोकेर आएको छु- यो चेतावनी सम्पूर्ण मानवताका लागि हो ।'

उनले सम्बोधनमा विकास, लोकतन्त्र, शान्ति र युवा राष्ट्रका आशाबारे मात्रै कुरा गर्न चाहेको भए पनि नेपालमा भएको ठूलो विपद्का कारण मृत्यु र विनाशबारे बोल्नुपरेको बताए ।

'म परिवारका सदस्य गुमाएका र आफ्ना प्रियजन कहिल्यै घर नफर्किने प्रतीक्षामा रहेका परिवारबारे बोल्नुपरेको छ । म हिलो, चट्टान र पानीमा आफ्ना आफन्त खोजिरहेका समुदायबारे बोल्नुपरेको छ । कतिपय मानिसका शवसमेत कहिल्यै फेला नपर्न सक्छन्,' उनले भने ।



प्रधानमन्त्री शाहले केही मिनेटमै पुल, सडक, विद्यालय, घर तथा मानिसहरूको जीविकोपार्जन बगाएको उल्लेख गरे । दिगो विकास लक्ष्य हासिल गर्दै निरन्तर प्रगतितर्फ अघि बढिरहेको नेपाललाई केही साताअघि आएको विपद्ले गम्भीर रूपमा प्रभावित बनाएको उनको भनाइ थियो ।

उनले नेपालका हिमाली समुदायलाई तहसनहस बनाएको विनाशकारी बाढीका दृश्यले विश्वलाई झस्काएको बताए । उक्त विपद्लाई कतिपयले 'माउन्टेन सुनामी' र 'हिमालयन सुनामी' समेत भनेको उल्लेख गर्दै शाहले भने, 'भोटेकोसी-त्रिशूली विपद् केवल स्थानीय त्रासदी थिएन, यो विश्वका लागि एउटा चेतावनी थियो ।'

प्रधानमन्त्री शाहले प्रश्न गरे, 'आज म तपाईंहरूलाई सोध्न चाहन्छु- के तपाईंहरूले त्यो चेतावनी वास्तवमै सुन्नुभएको छ ?'

उनले करिब तीन वर्षअघि सगरमाथाको छायामा उभिएर संयुक्त राष्ट्रसंघका महासचिवले मानवतामाथि आइरहेको जलवायु संकट र त्यसको सम्भावित विनाशबारे चेतावनी दिएको स्मरण गरे ।

'विश्वकै छानोबाट आएको त्यो पुकार पर्याप्त ठूलो स्वरमा सुनिएन । नेपालले त्यो आवाज सुन्यो, हाम्रा समुदायले सुने, विश्वभरका वैज्ञानिकले सुने । उनीहरूले प्रमाणसहित त्यस चेतावनीलाई दोहोर्‍याए,' शाहले भने ।

तर राजनीतिक नेतृत्वले ती चेतावनीलाई जोखिममा रहेका मानिसहरूले आवश्यक ठानेको गति र स्तरमा ठोस कार्यमा रूपान्तरण गर्न नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

'गत महिना हामीले त्यस चेतावनीको दुःखद परिणाम देख्यौं,' उनले भने, 'जलवायु परिवर्तनले संवेदनशील हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाइरहेको छ । पग्लिँदो स्थायी तुषारो (पर्माफ्रस्ट)ले हिमाली भिरालो भूभागमा चिरा पारिरहेको छ, हिमनदीमुनिका संरचनालाई कमजोर बनाइरहेको छ र बरफ तथा चट्टानका पहिरोको जोखिम बढाइरहेको छ ।'

प्रधानमन्त्री शाहले हिमालयमा देखिइरहेका यी परिवर्तनलाई नेपाल मात्रै नभई विश्वकै साझा चुनौतीका रूपमा लिनुपर्ने सन्देश दिए ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

दर्ता नं. ११६/५०/०५६/०५७

# बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.
**Bauddha Grameen Multipurpose Co-operative Ltd.**
(सहकारी ऐन २०४८ अन्तर्गत दर्ता भएको)

## बाह्य लेखापरीक्षक सूचीकृत गर्नका लागि आशयपत्र तथा आर्थिक प्रस्ताव आह्वान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१०)*

यस बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, वीरेन्द्रनगर–९, लाटिकोइली, सुर्खेतको चालु आर्थिक वर्ष २०८३/०८४ (२०८४ असार मसान्तमा समाप्त हुने) को वार्षिक बाह्य लेखापरीक्षण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS), सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा नियामक निकायबाट जारी निर्देशनहरू बमोजिम सम्पन्न गर्नुका साथै लामो ढाँचाको लेखापरीक्षण प्रतिवेदन (Long Form Audit Report) समेत तयार गराउनुपर्ने भएकाले सो प्रयोजनका लागि संस्थाको २६ औं वार्षिक साधारण सभाबाट तीन जना योग्य चार्टर्ड एकाउन्टेन्ट (CA) लेखापरीक्षक सूचीकृत गर्नुपर्ने व्यवस्था रहेको हुँदा योग्य तथा अनुभवी चार्टर्ड एकाउन्टेन्ट तथा चार्टर्ड एकाउन्टेन्ट फर्महरूबाट आशयपत्र तथा आर्थिक प्रस्ताव आह्वान गरिएको छ। (आ.व. २०८२/०८३ को अन्त्यमा संस्थाको कुल सम्पत्ति करिब रु. २ अर्ब २४ करोड ७१ लाख (अलेखापरीक्षित) रहेको छ भने संस्थाले २३ वटा सेवाकेन्द्रमार्फत सेवा सञ्चालन गर्दै आएको छ।)

इच्छुक चार्टर्ड एकाउन्टेन्ट तथा चार्टर्ड एकाउन्टेन्ट फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र, अर्थात् मिति २०८३/०६/२३ गते (शुक्रबार) कार्यालय समयभित्र देहायका कागजातसहित आफ्नो आशयपत्र तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। आर्थिक प्रस्तावमा लेखापरीक्षण पारिश्रमिक, लाग्ने कर तथा अन्य सम्भावित खर्चहरू छुट्टाछुट्टै स्पष्ट खुलाउनुपर्नेछ।

**१. पेश गर्नुपर्ने कागजातहरू:**

- क) चार्टर्ड एकाउन्टेन्ट (लेखापरीक्षक) तथा लेखापरीक्षण टोलीका प्रमुख सदस्यहरूको अद्यावधिक व्यक्तिगत विवरण (बायोडाटा)
- ख) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) को चार्टर्ड एकाउन्टेन्ट सदस्यता तथा लेखापरीक्षण अभ्यास प्रमाणपत्र (Certificate of Practice) को प्रमाणित प्रतिलिपि
- ग) उक्त प्रमाणपत्र तथा फर्म दर्ता प्रमाणपत्र चालु आर्थिक वर्ष २०८३/०८४ सम्म नवीकरण भएको प्रमाणको प्रतिलिपि
- घ) स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि
- ङ) आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (आ.व. २०८२/०८३ को उपलब्ध भए सोही)
- च) लेखापरीक्षण फर्म/कम्पनीको विस्तृत प्रोफाइल (साझेदार, टोली सदस्य र तिनको योग्यतासहित)
- छ) प्रचलित कानून बमोजिम लेखापरीक्षक हुन अयोग्य नभएको, संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समितिका सदस्य वा प्रमुख कार्यकारी अधिकृतसँग नातेदारी वा स्वार्थ नबाझिएको, संस्थासँग ऋण वा अन्य वित्तीय स्वार्थ नरहेको तथा प्रचलित कानूनले तोकेको अवधिभन्दा बढी लगातार यस संस्थाको लेखापरीक्षण नगरेको व्यहोराको स्वघोषणा पत्र
- झ) लेखापरीक्षण पारिश्रमिक, कर तथा अन्य सम्भावित खर्चहरू (भ्रमण, बसोबास आदि) स्पष्ट खुलाइएको आर्थिक प्रस्ताव र दरखास्त–पत्र
- ञ) सेवाकेन्द्रहरूको स्थलगत परीक्षणसहितको कार्ययोजना तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन पेश गर्ने प्रस्तावित समयसीमा
- ट) प्रस्ताव मूल्याङ्कनमा सहयोग पुग्ने अन्य आवश्यक जानकारी

२. **लेखापरीक्षणको कार्यक्षेत्र**: NFRS बमोजिम वित्तीय विवरणहरूको लेखापरीक्षण, लामो ढाँचाको लेखापरीक्षण प्रतिवेदन, सम्पत्ति शुद्धीकरण निवारण (AML/CFT) सम्बन्धी कानून तथा नियामक निर्देशनहरूको पालनाको समीक्षा र आवश्यकता अनुसार सेवाकेन्द्रहरूको स्थलगत परीक्षण समेत लेखापरीक्षणको कार्यक्षेत्रभित्र पर्नेछ।

३. **प्रस्ताव पेश गर्ने तरिका:** (क) प्रस्ताव सिलबन्दी खाममा, खामको बाहिर "आ.व. २०८३/०८४ को बाह्य लेखापरीक्षक सूचीकरण सम्बन्धी प्रस्ताव" उल्लेख गरी संस्थाको केन्द्रीय कार्यालय, वीरेन्द्रनगर–९, लाटिकोइली, सुर्खेतमा कार्यालय समयभित्र प्रत्यक्ष रूपमा पेश गर्न सकिनेछ। (ख) प्रस्ताव इमेल ठेगाना **info@bgmcl.com** मार्फत समेत पेश गर्न सकिनेछ। इमेलमार्फत पेश गर्दा सम्पूर्ण कागजात हस्ताक्षर तथा छापसहित PDF ढाँचामा पठाउनुपर्नेछ।

४. तोकिएको समयसीमापश्चात् प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।

५. प्राप्त प्रस्ताव तथा कागजातहरूको अध्ययन एवं मूल्याङ्कन गरी प्रस्तावकको योग्यता, अनुभव, कार्यक्षमता र आर्थिक प्रस्तावका आधारमा प्रचलित कानून तथा संस्थाको नीति, नियम र निर्णय अनुसार तीन जना योग्य चार्टर्ड एकाउन्टेन्ट लेखापरीक्षक सूचीकृत गर्न संस्थाको २६ औं वार्षिक साधारण सभामा सिफारिस गरिनेछ। न्यूनतम आर्थिक प्रस्ताव मात्रका आधारमा छनौट गर्नुपर्ने बाध्यता संस्थालाई रहने छैन।

६. साधारण सभाबाट सूचीकृत भएका लेखापरीक्षकमध्येबाट सहकारी ऐन, २०७४ तथा संस्थाको विनियम बमोजिम आ.व. २०८३/०८४ को लेखापरीक्षणका लागि नियुक्ति गरिनेछ। सूचीकृत भएकै आधारमा मात्र नियुक्ति वा पारिश्रमिकको दाबी गर्न पाइने छैन।

७. कुनै वा सबै प्रस्ताव कुनै कारण नदेखाई आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ।

**थप जानकारीको लागि:**

**बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, केन्द्रीय कार्यालय,**
*वीरेन्द्रनगर–०९, लाटिकोइली, सुर्खेत*
फोन: ०८३-५२५४२५, ०८३-५२१९६९ | इमेल: info@bgmcl.com




## प्रधानमन्त्री...

उल्लेख गरे।

जेन्जी अभियन्ता कुमार शमशेर थापाले प्रधानमन्त्रीको सम्बोधनलाई नेपालको प्रतिनिधित्व गर्ने भाषण मात्र नभई विश्वले गम्भीर रुपमा सुन्नुपर्ने सन्देशका रुपमा लिए। उनका अनुसार नेपालले जलवायु परिवर्तनमा नगन्य योगदान गरे पनि त्यसको ठूलो मूल्य चुकाइरहेको, हिमालयदेखि नदीसम्म जोखिम बढिरहेको र जलवायु न्याय आवश्यक रहेको कुरा विश्वसामु स्पष्ट रुपमा राखिएको छ। 'राहत, पुनःस्थापना र पुनर्निर्माणसँगै जिम्मेवारी, क्षतिपूर्ति र उत्थानशीलतालाई जोडिनुपर्छ भन्ने कुरा अर्थपूर्ण छ,' उनले भने, 'अब मुख्य प्रश्न सम्बोधन कति प्रभावकारी भयो भन्नेभन्दा उठाइएका विषय व्यवहारमा कति कार्यान्वयन हुन्छन् र त्यसको परिणाम नेपाली जनताले कहिले महसुस गर्न पाउँछन् भन्ने हो।'

कर्णाली बेसिन संरक्षण फाउन्डेसनका प्रमुख गौरव देवकोटाले प्रधानमन्त्रीको सम्बोधन समग्रमा सकारात्मक भए पनि हिमालयको चर्चा गर्दा त्यससँग जोडिएको नदी प्रणाली र नदीमा आश्रित सभ्यताको विषयलाई विश्वसामु अझ स्पष्ट रुपमा बुझाउन सकिने बताए। उनले हिमालको जलवायु संकटको असर हिमालमा मात्रै सीमित नभई त्यसबाट बग्ने नदी, नदीमा आश्रित समुदाय, संस्कृति र जीविकोपार्जनसम्म पुग्ने स्पष्ट पारे। 'हामीले हिमालयको कुरा गर्दा हिमाल मात्रै देख्छौं। तर हिमालपछि आउने भनेको नदी हो,' उनले भने, 'हिमालयको जलवायु संकटले हिमालमा मात्रै असर गर्दैन, त्यसबाट बग्ने नदी र नदीमा आश्रित तल्लो तटीय क्षेत्रका मानिससम्म त्यसको असर पुग्छ भन्ने कुरा पनि विश्वलाई बुझाउनुपर्थ्यो।'

कर्णालीजस्ता नदी बेसिनमा माथिल्लो क्षेत्रमा हुने परिवर्तनको असर तल्लो तटीय बस्ती र समुदायसम्म पुग्ने भएकाले जलवायु जोखिमलाई नदी प्रणालीकै दृष्टिकोणबाट हेर्नुपर्ने उनको भनाइ छ। सडक, पुल, जलविद्युत् वा अन्य पूर्वाधार निर्माण गर्दा सम्बन्धित भूगोल, नदीको प्रकृति र जोखिम नबुझी गरिने विकासले समस्या थप्न सक्ने उनले बताए। नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु जोखिमको कुरा गर्दा हिमालसँगै नदी, जैविक विविधता, स्थानीय समुदाय र तिनको जीवनशैलीमा परेको प्रभावलाई पनि विश्वले बुझ्ने गरी प्रस्तुत गर्न आवश्यक रहेको देवकोटाको भनाइ छ।

जेन्जी अभियन्ता आदर्शबिक्रम सिंहले महासभामा प्रधानमन्त्री शाहले जलवायु परिवर्तन, जलवायु न्याय, हिमालयको जोखिम र विश्व समुदायको सहकार्यको विषय उठाउनु नेपालीका लागि गौरवको विषय भएको बताए। उनका अनुसार नेपालजस्तो जलवायु संकटको प्रत्यक्ष असर भोगिरहेको मुलुकले आफ्नो समस्या विश्वमञ्चमा स्पष्ट रुपमा राख्नु आवश्यक थियो। 'नेपालले भोगिरहेको जलवायु संकट र त्यसबाट भइरहेको क्षतिबारे विश्वको ध्यान तान्ने गरी विषय उठाइनु सकारात्मक हो,' उनले भने, 'तर नेपालले मात्रै यो संकटको भार बोक्नुपरेको अवस्था र यसको समाधानमा विकसित तथा बढी उत्सर्जन गर्ने मुलुकहरूको जिम्मेवारी के हो भन्ने प्रश्नलाई अझ स्पष्ट र जोडदार रूपमा विश्वसामु राख्न सकिन्थ्यो।'

उनले जलवायु न्यायको विषयलाई केवल क्षतिपूर्ति वा सहयोगमा सीमित नगरी हिमालय, नदी, जैविक विविधता र जोखिममा रहेका समुदायको दीर्घकालीन संरक्षणसँग जोडेर अन्तर्राष्ट्रिय प्रतिबद्धता माग्नुपर्ने बताए। 'हामीले समस्या मात्रै सुनाउने होइन, नेपाललाई आवश्यक पर्ने सहयोग, स्रोत, प्रविधि र दीर्घकालीन साझेदारीका लागि विश्व समुदायसँग ठोस प्रतिबद्धता माग्ने गरी विषय उठाइनुपर्थ्यो,' उनले भने।

विद्यार्थी तथा जेन्जी अभियन्ता उदयमान पंगालीले युएनको सभामा बालेनको सम्बोधनलाई परम्परागत कूटनीतिक औपचारिकताभन्दा डिजिटल पुस्ताको आकांक्षा र नेपालको अन्तर्राष्ट्रिय प्रस्तुतीकरणसँग जोडेर हेरे। उनका अनुसार जलवायु न्याय, सार्वभौमिकता र अतिकम विकसित मुलुकका मुद्दा उठाउनुका साथै युवामैत्री प्रस्तुतीकरणले नयाँ पुस्ताको ध्यान तानेको छ। 'विश्वमञ्चमा नेपालको आवाज र युवा पुस्ताको आकांक्षा दुवै प्रतिनिधित्व भएको अनुभूति भयो,' उनले भने, 'तर अन्तर्राष्ट्रिय स्तरमा बनेको छवि र स्वदेशमा नागरिकले अनुभूति गर्ने शासनबीचको दूरी कम गर्नु अब महत्वपूर्ण हुन्छ।' अन्तर्राष्ट्रिय मञ्चमा उठाइएका विषयलाई स्वदेशको ठोस डेलिभरी, नीतिगत सुधार र न्यायपूर्ण सुशासनमा बदल्न सक्नुपर्ने उनले बताए।

कर्णालीबाट आएका प्रतिक्रियामा प्रधानमन्त्रीको सम्बोधनप्रति सकारात्मक धारणा देखिए पनि त्यसलाई भाषणमै सीमित नराखी कार्यान्वयनमा लैजानुपर्नेमा जोड छ। विशेषगरी जलवायु संकटको भार नेपालजस्ता प्रभावित मुलुकले मात्रै बोक्न नहुने, विश्व समुदायले जिम्मेवारी र स्रोतसहित सहकार्य गर्नुपर्ने तथा अन्तर्राष्ट्रिय मञ्चमा उठेका विषय स्थानीय समुदायको जीवनमा अनुभूति हुने गरी कार्यान्वयन हुनुपर्ने उनीहरुको जोड छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री हेमराज गौतम** धनी रहेको, **दर्ता नम्बर** ३०५०/०७३/०७४ बाट **वीरेन्द्रनगर–६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री एट्टी ट्वान्टी मल्टी कुइजिन** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)